**खिजीदेम्वा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खिजीफलाटे,ओखलदुंगा**

**१ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ४ संख्या १४ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/१२/१७**

**भाग २**

**प्रस्तावना :** खिजीदेम्वा गाउँपालिका विकट भौगोलिक क्षेत्र तथा सम्पुर्ण भुभागमा यातायातको पहुच नपुग्नुको साथै विशेषगरी शेर्पा, तामाङ, सुनुवार लगाएतका आदिवासी जनजातिहरुको बाहुल्यता रहेको गाउँपालिका हो, यस गाउँपालिकामा स्वास्थ्य चेतनाको स्तर न्यून रहेको साथै मातृशिशु पोषण आहारको लागि अत्यावश्यक सामाग्रीहरु उत्पादन कम मात्रामा भई अन्यन्त्रबाट खरिद गरि जिवन निर्वाह गर्नु पर्ने बाध्यतालाई ध्यानमा राखी मातृ तथा शिशु मृत्युदर, रुग्णता दर लाई न्युन गर्दै जाने नेपाल सरकारको योजनालाई पुरा गर्न पिछडीएको भौगोलिक क्षेत्र भएको यस गाउँपालिकामा सहज रुपमा पोषण तथा सरसफाई सम्बन्धि संविधान प्रदत्त हकलाई समेत मध्येनजर राखी यस गाउँपालिकाका स्थानीय बासिन्दाहरुको पोषण तथा सरसफाई अभाबको कारणले आउन सक्ने शारिरीक, मानसिक, बौद्धिक क्षमताको समुचित विकास गर्नु, संक्रामक रोगबाट बचाउनु तथा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्नु स्थानीय सरकारको दायित्व महसुस गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) तथा खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविर्धि(नियमित गर्ने) ऐन, २०७५ बमोजिम यस खिजीदेम्वा गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ ।

## मातृ तथा शिशु पोषण रकम वितरण कार्यविधि, २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/१२/१७, प्रमाणिकरण मिति : २०७७/१२/२२**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मातृ तथा शिशु पोषण रकम वितरण कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा र व्याख्य : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “गाउँपालिका” भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनुपर्दछ ।

(ख) “गाउँ कार्यपालिका” भन्नाले खिजीदेम्वा गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ ।

(घ) ”उपाध्यक्ष” भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) "सुत्केरी आमा" भन्नाले खिजीदेम्वा गाउँपालिकाका स्थायी वासिन्दा भएका गर्भवति भई प्रसुति भएका ४५ दिन भित्रका आमाहरुलाई सम्झनुपर्दछ ।

(छ) "वडा समिति" भन्नाले गाउँ कार्यपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(ज) "सभा" भन्नाले यस गाउँ पालिकाको गाउँ सभा सम्झनुपर्दछ ।

(झ)"मातृ तथा शिशु पोषण रकम" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाद्धारा यस गाउँपालिका अन्तर्गतका सुत्केरी आमाहरु तथा नवजात शिशुको स्वास्थ्य सुधारका लागि टेवा पुर्याउन यस कार्यविधिको बमोजिम उपलव्ध गराउने रकमलाई जनाउने छ ।

३. मातृ तथा शिशु पोषण रकमको लक्षित वर्ग तथा क्षेत्रहरु : यस गाउँपालिकाबाट उपलब्ध गराइने मातृ तथा शिशु पोषण रकम लक्षित वर्ग तथा संभाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क)गर्भवती भई स्वास्थ्य संस्थामा नियमित रुपमा नेपाल सरकारले तोके बमोजिम कम्तिमा ४ पटक गर्भ जाचँ गराएका गर्भवती महिलाहरु,

(ख) प्रसुति सेवा, बर्थिङ सेन्टरबाट लिएका तथा अन्यन्त्र अस्पतालमा प्रेषण गरेका सुत्केरी आमाहरु साथै बर्थिङ सेन्टर नभएका वडामा प्रसुति भएका आमाहरु,

(ग)नेपाल सरकारले आमा सुरक्षा कार्यक्रममा तोके बमोजिम कम्तिमा ३ पटक Post natal care सेवा लिएका आमा तथा शिशुहरु,

(घ) बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएका शिशुहरु,

४. मातृ तथा शिशु पोषण रकम वितरण प्रकृया :(१) मातृ तथा शिशु पोषण रकम पाउन योग्य लक्षित वर्गले सम्बन्धित वडा कार्यालयमा प्रशुति भएको ३५ दिन भित्र जन्म दर्ता गराई प्रसुति भएको कागजातका आधारमा सम्बन्धित वडामा गाउँ पालिकाले तोके बमोजिम वितरण गर्नेछ ।

(२) मातृ तथा शिशु पोषण रकम र सो को प्रकृया देहाय बमोजिम हुनेछ :-

(क) रु.५०००।- (पाँच हजार रुपैयाँ) मातृ तथा शिशु पोषण रकम सम्बन्धित वडा कार्यालय उपलब्ध गराउन सक्नेछ ।

५. प्रतिवेदन पेश गर्नुपर्ने : (१) यस गाउँ कार्यपालिकाको कार्यालयबाट मासिक/त्रैमासिक/बार्षिक रुपमा वितरण भएका मातृ तथा शिशु पोषण रकमहरुको खर्चको विवरण एकमुष्ट विवरण प्रतिवेदन सम्बन्धित वडा कार्यालयमा अभिलेख राखी सोको एकमुष्ट विवरण गाउँपालिकालाई उपलव्ध गराउनु पर्नेछ ।

६. प्राप्त मातृ तथा शिशु पोषण रकम तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने : यस गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम मातृ तथा शिशु पोषण रकम को रुपमा प्राप्त गरेको हो मातृ तथा शिशु पोषण रकम प्राप्त गर्ने व्यक्तिले सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजात गाउँ कार्यपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नुपर्नेछ ।

८. यसै कार्यविधि बमोजिम भए गरेको मानिने : यस अघि यस गाउँपालिकाबाट प्रदान गरिएका मातृ तथा शिशु पोषण रकम समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

९. कार्यविधिको व्याख्य संशोधन तथा अनुसूची थपघट : यस कार्यविधिको आवश्यक व्याख्य, संशोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ ।

आज्ञाले

सुवास पौडेल

प्रमुख प्रशासकीय अधिकृत